"कृषि, व्यापार र पर्यटन: हाम्रो सशक्त अभियान"

गत आर्थिक वर्ष २०७६/०७७ को वार्षिक तथा चालु आर्थिक वर्ष २०७७/०७८ को प्रथम चौमासिक अवधिको

प्रगति समीक्षा

नमोबुद्ध नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भक्तपुर, काभ्रेपलाञ्चोक

२०७७/०६/३० गते शुक्रबार

प्रस्तुतिका विषयहरु

- नगरपालिकाको परिचय
- आ.व २०७६/०७७ को समग्र प्रगतिको अवस्था (भौतिक तथा वित्तिय)
- अनुकरणीय कार्यहरु तथा उल्लेखनीय उपलब्धीहरु
- आ.व. २०७७/०७८ को पहिलो चौमासिकको प्रगतिको अवस्था (भौतिक तथा वित्तिय)
- समस्या तथा चुनौतिहरु
- अपेक्षा एवम् सुझावहरु

नगरपालिकाको नक्शा





Copyright@MoFALD

नगरपालिकाको परिचय

- **कुल क्षेत्रफलः** १०२ वर्ग कि.मी.
- **जनसंख्याः** २९५१९ (जनगणना, २०६८)
- **घरधुरी संख्याः** ६५८४(२०६८) साक्षरता घरधुरी सर्वेक्षण २०७५ अनुसार ७३९५
- **जनघनत्वः** २८९.४१ प्रति वर्ग कि.मी.
- **नगरपालिका केन्द्रः** भकुण्डेबेशी
- **वडा सख्याः** ११

- **उचाईः** समुन्द्र सतहबाट ८३५ मिटर (चारसय फाँट) देखि २०१० मिटर (कानपुर कालापानी) सम्म
- **भौगोलिक अवस्थितिः**

८५ डिग्री ३६ मिनेट ४४.६ सेकेण्ड देखि ८५ डिग्री ३९ मिनेट ४३.८ सेकेण्ड पुर्वी देशान्तरसम्म

२७ डिग्री ३४ मिनेट १३.२ सेकेण्ड देखि २७ डिग्री ३४ मिनेट ५७.८ सेकेण्ड उत्तरी अक्षांश सम्म

- **सिमानाः** पूर्वमा तेमाल गाँउपालिका, पश्चिममा धुलिखेल र पनौती नगरपालिका, उत्तरमा पाँचखाल नगरपालिका र धुलिखेल नगरपालिका र दक्षिणमा रोशी गाँउपालिका, बेथानचोक गाउँपालिका
- **दुरीः** काठमाडौंबाट ५० कि.मी. पूर्व, धुलिखेलबाट २० किलोमिटर पूर्वमा
- **हावापानीः** मध्यम समशितोष्ण
- **मुख्य जात-जातीः** बाह्मण, क्षेत्री, तामाङ्ग, नेवार, मगर, भुजेल, दनुवार, सोही अनुसार भाषा समेत,
- **साक्षरताः** ९६ प्रतिशत,(*साक्षरता घरधुरी सर्वेक्षण २०७५ अनुसार*)

जनशक्तिको मौजुदा अवस्था

- नगरपालिकाको दरबन्दी ३८ जना, वडा कार्यालयको दरबन्दी २२ जना गरी जम्मा ६० जना
- समायोजन/लोक सेवा बाट सिफारिस भई आएका कर्मचारीहरु: ३५
- स्थानीय तहमा कार्यरत भई समायोजन भएका कर्मचारीहरु: ४ (१ जना कार्यालय सहयोगी सहित)

रिक्त: २५ जना

- नगरपालिका र वडा कार्यालयमा अति आवश्यक रहेका विषयगत क्षेत्र तथा श्रेणी विहिन (कार्यालय सहयोगी, चौकीदार, सवारी चालक आदि) पदमा ४७ जना करार तथा ज्यालादारी कर्मचारीबाट कार्यसम्पादन भएको ।

आर्थिक वर्ष २०७६/०७७ बजेट विनियोजन

- कुल बजेटः ८७,३५,१७,०७३/४५
- चालुः ४०,४९,९३,७२२/००
- पुँजीगतः ४६,८५,२३,३५१

चालु अन्तर्गत नगरपालिका संचालन खर्च, शिक्षक तलब भत्ता, शर्शत कार्यक्रमहरु
पूँजिगत अन्तर्गत नगरपालिका विभिन्न योजनाहरु

राजश्वको विवरण

सि.नं.	अनुमानित राजश्व	हाल सम्म राजश्व शाखाबाट संकलन भएको विविध राजश्वहरु	न्यून (%)
१	७,००,००,०००	५,८०,९१,९१८.७५	११९०८०८१.२५ (१७%)

राजश्वको विस्तृत विवरण

सि.नं.	आयको शिर्षक	संकलित रकम
१	एकीकृत सम्पति कर	२२,१२,६२५.३६
२	भूमिकर/मालपोत	५,६६,८६८.६९
३	घरवहाल कर	५,५३,५१४.२०
४	सरकारी सम्पतिको वहालबाट प्राप्त आय	१,८०,०००
५	अन्य विक्रीबाट प्राप्त रकम	४,०२,८००
६	अन्य सेवा शुल्क तथा विक्री	४,५२,०३,५१३
७	अन्य प्रशासनिक सेवा शुल्क	३,८५,७८५
८	नक्सापास दस्तुर	१६,४०,३६०.३४

सि.नं.	आयको शिर्षक	संकलित रकम
९	सिफारिस दस्तुर	१८,३२,५८०
१०	व्यक्तिगत घटना दर्ता दस्तुर	१,८९,११५
११	नाता प्रमाणित दस्तुर	५,७४,०४८
१२	अन्य दस्तुर	६,३९,४८१.१६
१३	व्यवसाय रजिस्ट्रेसन दस्तुर	२९,२४,०८३
१४	अन्य क्षेत्रको आय	७,४३,८८४
१५	न्यायिक दण्ड, जरिवाना र जफत	३,५६६
१६	प्रशासनिक दण्ड, जरिवाना र जफत	३९,६९५
	जम्मा	**५,८०,९१,९१८.७५**

वित्तीय प्रगति

	शीर्षक	वार्षिक बजेट विनियोजन	खर्च	खर्च प्रतिशत
१	चालुगत खर्च	४०,४९,९३,७२२.००	३०,४८,४६,१४८.९३	७५.२७%
२	पुँजीगत खर्च	४६,८५,२३,३५१.००	३६,५४,०६,६५४.१	७७.९९%
	कुल बजेट	**८७,३५,१७,०७३.४५**	**६७,०२,५२,८०३.०३**	**७६.६३%**

चालु अन्तर्गत नगरपालिका संचालन खर्च, शिक्षक तलब भत्ता, शर्शत कार्यक्रमहरु
पूँजिगत अन्तर्गत नगरपालिका विभिन्न योजनाहरु

वित्तीय प्रगति

सि.नं.	शीर्षक	विनियोजन भएको बजेट	खर्च	खर्च प्रतिशत
१	नेपाल सरकार-समानिकरण अनुदान-नगद अनुदान	१०,७३,००,०००	९,९७,१४,९६२	९२.९३%
२	नेपाल सरकार-शसर्त अनुदान चालु-नगद अनुदान	२३,६१,६६,०००	२२,९२,९६,१२८.८	८६.१४%
३	नेपाल सरकार-समपुरक अनुदान चालु-नगद अनुदान	६८,००,०००	६८,००,०००	१००%
४	नेपाल सरकार-अन्य अनुदान चालु-नगद अनुदान	३,२५,७४,६३२.५०	३,२२,१३,७२५.००	९८.८९%
५	बागमती प्रदेश-समानिकरण अनुदान-नगद अनुदान	१,०१,३४,०००	१,०१,३४,०००	१००%
६	बागमती प्रदेश-शसर्त अनुदान चालु-नगद अनुदान	१,३६,४२,०००	१,३५,८०,७०१	९९.५५%
७	बागमती प्रदेश-समपुरक अनुदान चालु-नगद अनुदान	२७,३५,६००	-	०%
८	राजश्व बाँडफाँड- बागमती प्रदेश-राजश्व बाँडफाँड-नगद	३,४१,७१,९६४.९४	३,४१,७१,९६४.९४	१००%
९	राजश्व बाँडफाँड- संघीय सरकार-राजश्व बाँडफाँड-नगद	५,३४,४०,८६६.८७	५,३४,४०,८६६.८७	१००%
१०	जिल्ला समन्वय समिति- अन्तरिक श्रोत	१,५८,००,०००	१,५८,००,०००	१००%
११	आन्तरिक श्रोत-आन्तरिक श्रोत-नगद	८,८३,६८,९१९.९६	५,८१,०१,९१८.७५	६५.७४%
१२	अन्तर सरकारी वित्तीय हस्तान्तरण/विभिन्न कोष/अन्य	२७,२८,८०,३४७	१७,८१,७३,७२२	६५.२९%
	जम्मा	**८७,३५,१७,०७३.४५**	**६७,०२,५२,८०३.०३**	**७६.६३%**

क्षेत्रगत बजेट तथा वित्तीय प्रगति

सि.नं.	क्षेत्र/उप क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत(%)
१	कार्यालय सञ्चालन तथा प्रशासनिक	१२,३०,०८,०००	९,८६,३९,७२१.१६	८०.१९%
	कार्यालय सञ्चालन तथा प्रशासनिक	१२,३०,०८,०००	९,८६,३९,७२१.१६	८०.१९%
२	आर्थिक विकास	२,५०,१३,७२५	२,३३,६३,७७४	९३.४०%
	कृषि	१,६७,१३,७२५	१,५२,०९,७२६	९१%
	पर्यटन	२५,००,०००	२४,२५,०००	९७%
	सहकारी	३,००,०००	३,००,०००	१००%
	जलश्रोत तथा सिंचाई	३२,५०,०००	३१,९१,७५९	९८.४५%
	पशुपन्छी विकास	२२,५०,०००	२२,२९,२८९	९९.०८%

सि.नं.	क्षेत्र/उप क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत(%)
३	पूर्वाधार विकास	२२,२४,७४,६१७.१२	१३,७५,३४,८६०	६१.८२%
	यातयात पूर्वाधार	१३,३१,०६,६१७.१२	७,००,१६,८३९	५२.६०%
	भवन, आवास तथा सहरी विकास	८,२९,४०,०००	६,४३,४४,२७५	७७.५८%
	उर्जा	३९,२८,०००	३१,७३,७४६	८०.८०%
	पुननिर्माण	२५,००,०००	-	०%
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	५,३१,९४,७९८.३३	३,८०,६४,३४१	७१.५६%
	वन	८,००,०००	७,८२,०००	९७.७५%
	वित्तीय सुशासन	३,२६,१८,७२२	२,२६,२४,१९१	६९.३६%
	कानुन तथा न्याय	३,००,०००	१३,८८५	४.६३%
	शान्ति तथा सुव्यवस्था	२,००,०००	१,९०,८३७	९५.४२%
	श्रम तथा रोजगारी	९,७७,०००	५,२७,०००	५३.९४%
	योजना तर्जुमा र कार्यन्वयन	७०,००,०००	४३,००,०००	६१.४३%
	वातावरण तथा जलवायु	७६,००,०००	५९,७२,४३५	७८.५८%
	मानब संशाधन विकास	५,००,०००	५,००,०००	१००%
	विपद व्यवस्थापन	३१,९९,०७६.३३	३१,५३,९९३	९८.५९%

सि.नं.	क्षेत्र/उप क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत(%)
५	सामाजिक विकास	४४,९८,२५,९३३	३७,२६,५०,१०६.८७	८२.८४%
	सामाजिक सुरक्षा तथा संरक्षण	९,७४,५५,०००	९,५६,२९,०६०	९८.१३%
	युवा तथा खेलकुद	५७,९३,५००	३०,५९,७९७	५२.८१%
	खानेपानी तथा सरसफाई	३,६८,५०,५१५	३,४१,२१,५३८	९२.५९%
	भाषा तथा संस्कृति	२,८४,१०,०००	२,५९,७८,३९५	९१.४४%
	शिक्षा	१४,९९,१६,५००	१४,२६,६३,५१४.२५	९५.१६%
	स्वास्थ्य	६,०५,५२,२९५	६,०५,५२,२९५	१००%
	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	७,०८,४८,१२३	१,०४,२०,७४४	१४.७१%
जम्मा		८७,३५,१७,०७३.४५	६७,०२,५२,८०३.०३	७६.७३%

वडाको लागि विनियोजन गरिएको वडागत सिलिङ्ग



वडागत सिलिङ्ग [illegible]

कुल वडागत	८०००००००							
बाँडफाडाका जनसंख्या		क्षेत्रफल	मानव विकास	पुर्वाधार	राजस्व	विकास लागत	लागत सहभागिता	जम्मा
प्रतिशत	८०	१०	०	०	१०	०	०	१००
रकम	६४००००००	८००००००	०	०	८००००००	०	०	८०००००००

वडा नं	जनसंख्या	क्षेत्रफल	मानव विकास	पुर्वाधार	राजस्व	विकास लागत	लागत सहभागिता
१	२,०६२	५.७४	१	१	१९१३५५	१	१
२	३,४२२	१२.३६	१	१	४९५८२०	१	१
३	२,६०९	७.७४	१	१	२२२१००	१	१
४	२,११२	१३.६६	१	१	११८८९०	१	१
५	४,३७६	१८.७६	१	१	१२७७६८	१	१
६	१,५१४	५.२२	१	१	१०६०००	१	१
७	३,१९३	७.६	१	१	२५१४००	१	१
८	२,६८४	८.६४	१	१	३०६९७०	१	१
९	२,७७७	९.२३	१	१	२६६२२४	१	१
१०	१,९८८	४.३८	१	१	३१७२७६	१	१
११	२,७९३	९.०५	१	१	२०८७९५	१	१
जम्मा	२९,५३०	१०२	११	११	२,६१२,५९८	११	११

वडा नं	जनसंख्या	क्षेत्रफल	मानव विकास	पुर्वाधार	राजस्व	विकास लागत	लागत सहभागिता	वडाले प्राप्त गर्ने जम्मा रकम
१	४,४६८,९४७	४४८,५२५	–	–	५८५,९४५	–	–	५,५०३,४१७
२	७,४१६,४५८	९६५,८१४	–	–	१,५१८,२४४	–	–	९,९००,५१५
३	५,६५४,४५३	६०४,८०६	–	–	६८०,०८९	–	–	६,९३९,३४८
४	४,५७७,३११	१,०६७,३९६	–	–	३६४,०५१	–	–	६,००८,७५९
५	९,४८४,०५०	१,४६५,९११	–	–	३९१,२३७	–	–	११,३४१,१९८
६	३,२८१,२७३	४०७,८९२	–	–	३२४,५८१	–	–	४,०१३,७४७
७	६,९२०,१४९	५९३,८६६	–	–	७६९,८०८	–	–	८,२८३,८२३
८	५,८१७,०००	६७५,१३२	–	–	९३९,९६९	–	–	७,४३२,१००
९	६,०१८,५५७	७२१,२३५	–	–	८१५,२०१	–	–	७,५५४,९९३
१०	४,३०८,५६८	३४२,२५४	–	–	९७१,५२६	–	–	५,६२२,३४८
११	६,०५३,२३४	७०७,१६९	–	–	६३९,३४८	–	–	७,३९९,७५२
जम्मा	६४,०००,०००	८,०००,०००	-	-	८,०००,०००	-	-	८०,०००,०००

वडागत योजनाको विवरण

वडा नं.	योजना संख्या	सम्पन योजननाको संख्या	प्रगति प्रतिशत
१	४०	३४	८५%
२	५	५	१००%
३	२२	२२	१००%
४	२३	२३	१००%
५	३१	३०	९६.७७%
६	२१	१९	९०.४७%
७	१९	१९	१००%
८	१६	१६	१००%
९	२३	२३	१००%
१०	२०	२०	१००%
११	२५	२२	८८%
जम्मा	**२४५**	**२३३**	**९५.१०%**


४५
४०
३५
३०
२५
२०
१५
१०
५
०
वडा नम्बर ०१
वडा नम्बर ०२
वडा नम्बर ०३
वडा नम्बर ०४
वडा नम्बर ०५
वडा नम्बर ०६
वडा नम्बर ०७
वडा नम्बर ०८
वडा नम्बर ०९
वडा नम्बर १०
वडा नम्बर ११
कुल विनियोजन भएको योजनाहरुको संख्या
सम्पन भएको योजनाहरुको संख्या

कार्यक्रम/योजनाको प्रगति

सि.नं.	कुल कार्यक्रम/योजना संख्या	सम्पन्न कार्यक्रम/योजना संख्या	प्रगति प्रतिशत
१	५४५	४९५	९०.३८%



आर्थिक विकास

(कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय र रोजगारी)

कृषि

- **भकुण्डे फलफूल तथा तरकारी बजारको निर्माणः** रु १५ लाख लागतमा नगरपालिकाको वडा नं ७ भकुण्डेवेशीमा कृषि उपज सङ्कलन केन्द्र निर्माण गरिएको
- **साना सिंचाई कार्यक्रमः** वडा नं ५ देखि १० सम्म माटो सिमेन्ट र प्लाष्टिक पोखरीहरु निर्माण गर्ने कार्य शुरु भएको
- **कृषि आधुनिकिकरण कार्यक्रमः** नगरपालिकाको ११ वटै वडाहरुमा करिब रु ११ लाख लागतमा चाफ कटर वितरण गरिएको, कृषि विकास शाखाबाट ४८ थान, पशु सेवा शाखा बाट १८ र वडा तर्फको बजेट बाट वडा नं. ९बाट २०, वडा नं. १० बाट २० थान र वडा नं. ११ बाट ५ थान समेत जम्मा १११ थान चाफ कटरहरु ७५% अनुदानमा वितरण
- **भकारो सुधार कार्यक्रमः** नमोबुद्ध न.पा. वडा नं. २,४,६,७,८,९,१०र ११ का करिब २४ कृषकहरुलाई मल मुत्र व्यवस्थापन सम्बन्धी सामाग्री एवं तालिम दिइएको
- अमेरिकन फौजी किरा नियन्त्रणको लागि अनुदानमा सम्पूर्ण वडाका किसानलाई औषधि विवरण

कृषि उपज संकलन केन्द्र







साना सिंचाई कार्यक्रम





कृषि सामग्री वितरण





अमेरिकन फौजी किरा नियन्त्रण





पशु

- ३००० गाई, भैंसी तथा बाख्रामा कृतिम गर्भाधान गराइएको
- पाइलट कार्यक्रमका रुपमा कृषकहरुलाई बोयर बोका वितरण गरिएको
- आ.ब.मा ७५ प्रतिशत अनुदामा १८ वटा चाफ कटर वितरण गरिएको
- विभिन्न समयमा पशुपालक कृषकहरुलाई हिउँदे घाँस समेत वितरण गरिएको
- विश्व रेविज दिवसको उपलक्ष्यमा नगर प्रमुख समेतको उपस्थितिमा विविध कार्यक्रमहरु गरिएको



पशु खोप कार्यक्रम

नगरलाई मासुमा आत्मानिर्भर बनाउन बाख्राको नश्ल सुधार गर्न ११ वटै वडा बोयर जाति एक एक बोका वितरण



सहकारी विकास

- यस आ.ब. भन्दा पहिले दर्ता भएका एवं संघीयता कार्यान्वयन पश्चात यस नगरपालिकामा जिम्मेवारी सरेर आएको कुल सहकारी दर्ता संख्य १०५ वटा रहेको छ भने यस आ.ब.मा जम्मा २ वटा नयाँ सहकारीहरु दर्ता भएको
- सहकारी संस्थाहरुसंग नियमित अन्तरक्रिया बैठकहरु बसेको थियो साथै नगर स्तरीय संजाल गठन गरी परिचालन गरिएको

सहकारी प्रवर्द्धन कार्यक्रम









सामाजिक विकास

(शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, थारु, अल्पसंख्यक आदि), जनसंख्या व्यवस्थापन)

स्वास्थ्य शाखा

- १ वटा सरकारी अस्पताल, ६ वटा स्वास्थ्य चौकी, १ वटा उप-स्वास्थ्य चौकी, ३ वटा नगर स्वास्थ्य केन्द्र, २४ वटा गाउँ घर क्लिनिक, २७ वटा खोप केन्द्र, ८२ जना महिला स्वास्थ्य स्वयं सेविकाबाट निरन्तर स्वास्थ्य सेवा उपलब्ध गरिएको
- मेथिनकोट अस्पतालमा फार्मेसी सेवा संचालन, रेविज विरुद्धको खोप सेवा संचालन
- विश्व महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोबिड-१९) रोकथाम तथा नियन्त्रणको लागि विभिन्न स्वास्थ्य सम्बन्धित जनचेतना मुलक तथा विविध अन्य कार्यक्रमहरु संचालन गरिएको र सोको लागि आवश्यक स्वास्थ्य सामग्री, क्वारेन्टाइन र आईसोलेसनको उचित व्यवस्थापन गरिएको हाल सम्म १३० जना (८ जना महिला, १२२ जना पुरुष) नगरको क्वारेन्टाइनमा बसेको, कुल १७ जना (६ महिला, ११ पुरुष) कोभिड-१९ संक्रमित मध्ये ७ जना (१ महिला, ६ जना पुरुष) नगरको आईसोलेसनमा राखी उपचार गरिएको

- नगर क्षेत्रभित्र रहेका १ अस्पताल ,७ वटा स्वास्थ्य चौकी ,वडा नं ८ मा पिपलटार स्वास्थ्य क्लिनिक सञ्चालनमा रहेको
- स्वास्थ्य चौकी नभएका वडाहरु जस्तै वडा नं २ लकाइने, वडा नं ३ भिडाबारी, वडा नं ६ चौरङ्गेफेदी तथा वडा नं ११ कुरुगाँउमा आधारभूत स्वास्थ्य केन्द्रहरु निमार्ण भइ स्वास्थ्य सेवाहरु उपलब्ध गराइएको
- श्यामपाटी स्वास्थ्य चौकी र दाप्चा स्वास्थ्य चौकीको अत्याधुनिक भवन समेत यसै अबधिमा हस्तान्तरण भइसकेको
- नगरपालिका भित्र रहेका २ वटा स्वास्थ्य संस्थाहरु मेथिनकोट अस्पताल र दाप्चा स्वास्थ्य चौकीमा सञ्चालनमा रहेको सुत्केरी केन्द्रलाई नगर तथा सम्बन्धित वडाबाट गर्भवती तथा सुत्केरी आमाहरुलाई थप सुविधाका साथै निःशुल्क एम्बुलेन्सको सेवा समेत प्रदान गरीदै आएको

- नगर भित्रका २० जना गम्भीर प्रकृतिको रोग लागेका नगरबासीहरुलाई कार्यपालिकाले निर्णय गरी बिस हजार औषधि उपचारको लागि आर्थिक सहयोग गरिएको
- औषधी तथा औजार उपकरण आपूर्ति
- वडा नम्बर ०४ स्थित जिल्लाको एक मात्र सरकारी अस्पताल मेथिनकोट अस्पताललाई सुविधा सम्पन्न गरिदै प्रादेशिक अस्पतालमा रुपान्तरण गरिएको
- नगर कार्यापालिकाको निर्णयबाट वडा नं ९ स्थित दाप्चा स्वास्थ्य चौकीलाई नगरस्तरीय अस्पतालमा स्तरोन्नति गर्ने कार्य प्रारम्भ भएको
- सम्पूर्ण वडामा आधारभूत स्वास्थ्य चौकी स्थापना गरिएको र वडा नम्बर ०२, ०३, ०६, ११ मा आधारभूत स्वास्थ्य चौकीको भवन निर्माणाधीन अवस्थामा रहेको
- यस वर्ष भौगोलिक रुपले विकट स्थानहरु वडा नम्बर ०८ को पिपलटार र वडा

- एम्बुलेन्स सेवा सञ्चालनलाई थप विस्तार गर्न नयाँ एम्बुलेन्स खरिद प्रकृया अगाडि बढाइएको
- आँखामा मोतिविन्दु भएका तथा श्रवणशक्ति कम भएका बिरामीहरुलाई उपचारमा निशुल्क उपचारको व्यवस्था मिलाइएको
- पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कार्यक्रमलाई निरन्तरता दिई साथै खोप कार्यक्रमलाई अझै प्रभावकारी बनाइनुका साथै खोपमा सबैको पहुँच बढाइएको
- मातृ तथा शिशु स्थास्थ्यको अवस्थालाई सुदृढ गर्दै नियमित गर्भजाँच,सुत्केरी जाँच तथा स्वास्थ्य केन्द्रमा सत प्रतिशत प्रसुती गराउने अभियानमा जोड दिइएको, चौविस घण्टे सुत्केरी सेवा केन्द्रलाई निरन्तरता दिइएको
- गरीब तथा विपन्न नागरीकको स्वास्थ्य उपचारको लागि निश्चित मापदण्ड निर्माण गरी आर्थिक सहयोग गरिएको
- महिला स्वास्थ्य स्वयंसेविकाको भूमिकालाई अझै प्रभावकारी बनाउँदै टोलटोलमा स्वास्थ्य आमा समूहको बैठक सञ्चालन,बच्चाको तौल अनुगमन र बाल पोषण कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरिएको, महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइएको

- गाउँघर क्लिनिक तथा खोप क्लिनिकको सेवालाई नियमित, प्रभावकारी, सहभागितात्मक एवं गुणस्तरीय बनाउनका साथै आवश्यक फर्निचर तथा औजार उपकरणको व्यवस्था गरिएको, शहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, अस्पतालहरुको सेवालाई सुदृढीकरण गरी गुणस्तरीय र प्रभावकारी सेवा सञ्चालन गर्न आवश्यक वातावरण बनाउँदै लगिएको
- नेपाल सरकारले निःशुल्कवितरणका लागि तोकेका औषधीलाई निरन्तर आपूर्तिको व्यवस्था मिलाइएको
- नियमित रुपमा स्वास्थ्य संस्थाको अनुगमन तथा सहयोगात्मक सुपरिवेक्षण गरिएको
- उत्कृष्ट स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीलाई पुरस्कृत गरिएको
- निजी तथा गैरसरकारी संस्थाद्धारा सञ्चालित स्वास्थ्य संस्थाहरुको आवश्यक मापदण्ड तयारगरी सोको नियमित अनुगमन गरिएको
- भौगोलिक विकटतालाई ध्यानमा राखी स्वास्थ्य शिविरहरु सञ्चालन गरिएको

- स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली (HIMS)लाई व्यवस्थित गर्न अभिलेख प्रतिवेदनलाई छिटो छरितो गर्न इन्टरनेट सहितको कम्प्युटर प्रणालीलाई विस्तार गरिएको
- स्वास्थ्य संस्थाको भवन निर्माण, मर्मत सुधार तथा विद्युत, खानेपानीको नियमित आपूर्तिको साथै आवश्यक औजार उपकरणको व्यवस्था गरिएको
- गैर सरकारी संस्थाहरुले सञ्चालन गर्ने स्वास्थ्य कार्यक्रमहरुमा दोहोरोपना आउन नदिन एकद्धार नीति अवलम्बन गरिएको
- "एक विद्यालय एक नर्स" कार्यक्रमको सुरुवात गरिएको
- महामारीजन्य रोग तथा प्रकोप पश्चात देखिने स्वास्थ्य समस्याको व्यवस्थापन गर्न समुदायस्तरीय आकस्मिक प्रतिकार्य समूहको क्षमता अभिवृद्धि गर्दै आकस्मिक औषधी तथा सामाग्रीको व्यवस्था गरिएको

कोरोना भाईरस (कोबिड-१९) रोकथाम तथा नियन्त्रण





"कृषि, व्यापार र पर्यटन : हाम्रो समृद्धि अभियान"

नमोबुद्ध नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेंसी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४७४०३१
०११-४७४०६८

पत्र संख्या :
चलानी नं. :

मिति : २०७७/०५/३१

विषय : आम्दानी तथा खर्च सार्वजनिक गरिएको सम्बन्धमा

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को महामारी रोकथाम तथा नियन्त्रणका लागि यस नमोबुद्ध नगरपालिकाको प्रकोप व्यवस्थापन विशेष कोषमा भएको आम्दानी तथा कोषमार्फत हालसम्म भएको खर्च विवरण निम्नानुसार रहेको र सबैको जानकारीका लागि सार्वजनिक गरिएको जानकारी गराइन्छ ।

आम्दानी तर्फ

क्र.स	विवरण	रकम	कैफियत
१.	प्रकोप व्यवस्थापन विशेष कोषमा गत आ.व.मा मौज्दात रकम	रु. ३,६४,९२७.३३।-	
२.	प्रकोप व्यवस्थापक विशेष कोषमा चालु आ.व.मा छुट्याइएको रकम	रु. ५०,००,०००।-	
३.	नगर प्रमुख श्री टि.पी. शर्मा ज्यूबाट प्राप्त	रु. १,०५,५५५।-	
४.	निर्वाचित जनप्रतिनिधि ज्यूहरुबाट प्राप्त सहयोग (१ महिनाको पारिश्रमिक)	रु. ६,२३,२८० ।-	
५.	नमोबुद्ध शिक्षक महासंघबाट प्राप्त सहयोग	रु. ८,७०,२१६ ।-	
६.	श्री बागमती प्रदेश सामाजिक विकास मन्त्रालय	रु. १२,००,००० ।-	
७.	नगरपालिका प्रकोप व्यवस्थापन विशेष कोषबाट	रु. ५,२२,४८९ ।-	
८.	कर्मचारीहरुबाट प्राप्त सहयोग	रु. ९,५१३ ।-	रु. २,६६,२९,२.३३।- केन्द्रमा गएको
९.	श्री काभ्रेपलाञ्चोक जिल्ला बचत तथा सहकारी संघ लिमिटेड	रु. ५०,००० ।-	
१०	श्री विन्धवासिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेड	रु. ३५,००० ।-	
११.	श्री स्वर्ण लक्ष्मी बचत तथा ऋण सहकारी	रु. २५,००० ।-	
१२.	श्री सामुदायिक लघुवित्त वित्तिय संस्था	रु. ९,८००।-	
१३	श्री विक्रम लामा, नमोबुद्ध न.पा.	रु. १२,५०० ।-	
१४	श्री प्रकाश सत्याल बड्डा नं. १ बाट सहयोग प्राप्त	रु. २०,००० ।-	
१५	श्री गोविन्द प्रसाद घिमिरे बड्डा नं. २ बाट सहयोग प्राप्त	रु. १,०१,१११ ।-	
१६.	श्री मधु पौडेल नमोबुद्ध-१० बाट सहयोग प्राप्त	रु. १०,००० ।-	
प्रकोप व्यवस्थापन विशेष कोषमा जम्मा भएको कुल रकम		रु. ८९,५९,४८३.३३।-	

खर्च विवरण

क्र.स	विवरण	खर्च रकम	कैफियत
१.	कोरोना भाइरस रोकथाम र नियन्त्रणबारे जनचेतनामुलक कार्यक्रम, सूचना प्रकाशन तथा प्रशारण एवं माइकिङ खर्च	रु. ८४,८१८।-	
२.	औषधि तथा औजार उपकरण खर्च	रु. १३,०५,१७७।-	
३.	क्वारेन्टाइन व्यवस्थापन खर्च	रु. १४,४६,३१७।-	
४.	एम्बुलेन्स मर्मत खर्च	रु. ३४,५३४।-	
५.	खाद्यान्न राहत वितरण तथा ढुवानी खर्च	रु. ४,७९,६९०।-	
६	क्वारेन्टाइन तथा आइसोलेसनमा बस्ने व्यक्तिहरुको खाना तथा खाजा खर्च	रु. २,४४,०२०।-	२०७७।०३।३१ सम्म
जम्मा खर्च रकम		रु. ३५,९४,५५६।-	
प्रकोप व्यवस्थापन विशेष कोषमा मौज्दात रकम		रु. ५३,६४,९२७.३३।-	

भोलाप्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत





कोरोना भाईरस (कोबिड-१९) रोकथाम तथा नियन्त्रण





क्वारेन्टाइन तथा आईसोलेसन स्थल





कोरोना भाईरस (कोबिड-१९) रोकथाम तथा नियन्त्रण





कोरोना भाईरस (कोबिड-१९) रोकथाम तथा नियन्त्रण















स्वास्थ्य सामाग्री हस्तान्तरण कार्यक्रम



मेथिनकोट अस्पतालमा औषधी तथा सामाग्री वितरण





नगरको क्वारेन्टाइन र आईसोलेसन स्थल अनुगमन





जेष्ठ नागरिकहरुको मोतिविन्दुको सल्यक्रिया





वृहत स्वास्थ्य शिविर





गम्भीर प्रकृतिको रोगबाट पिडितलाई उपचार खर्च वितरण



स्वास्थ्य सम्बन्धी नियमित बैठक



महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रम









शिक्षा, युवा तथा खेलकुद विकास

- नगरपालिका अन्तर्गत ३ क्याम्पस, ४० सामुदायिक विद्यालय , ७ संस्थागत विद्यालय र ४९ वटा वालविकास केन्द्र सञ्चालित
- शैक्षिक सत्र २०७६ मा वालविकास केन्द्रमा ८३२,आधारभुत तह (१-५) -४३१, (६-८) -१२२५, र माध्यमिक तह (९-१०) -७९३,(११-१२) -२८६ गरी जम्मा ५५६७ जना विद्यार्थीहरु अध्ययनरत
- आ. व. २०७६/७७ मा शिक्षा तर्फ संघीय सशर्त अनुदान १५,७५,१५,०००/- (पन्ध्र करोड पचहत्तर लाख प्रन्ध हजार), नगरपालिका तर्फ १,०५,५५,५००/- (एक करोड पाँच लाख पचपन्न हजार पाँच सय) गरी जम्मा रु १६,८०,७०,५००/- (सोह्र करोड असी लाख सत्तरी हजार पाँच सय) रकम विनियोजित भएकोमा रु. १५,५१,५४,२६०/-(पन्ध्र करोड एकाउन्न लाख चउन्न हजार दुई सय साठी) खर्च भई वित्तीय प्रगति ९२.३१ प्रतिशत रहेको
- कोभिड- १९ प्रकोपको कारण देश तथा नगरपालिका समेत लकडाउनको अवस्थामा रहँदा रहँदै पनि वित्तीय प्रगति प्रतिशत ९२.३१ पुग्नु नगरपालिकाले गरेको उल्लेखनीय उपलब्धी

- खेलकुद तर्फ मेयर कप फुटवल सञ्चालन भई वडा नं ८ प्रथम १ द्वितीय र वडा नं ९ तृतीय भएका छन् साथै वडा नं ८ को पिपलटार खेल मैदानमा समेत फुटवल प्रतियोगिता सञ्चालन भएको
- नमोबुद्ध नगरपलिका शिक्षा सञ्चालन व्यबस्थापन तथा नियमन कार्यविधि निर्माण
- युवा परिषद् कार्यविधि निर्माण
- साक्षर नगर घोषणा
- काठमाण्डौं विश्व विद्यालयको रुपान्तरण कार्यक्रमले शिक्षण सिकाइ समुदायसंग जोड्ने बिषयमा ५ वटा विद्यालयमा अध्ययन तथा सहयोग गरिएको

- कोभिड १९ प्रकोपको कारण विद्यालयमा प्रत्याक्ष पठन पाठन क्रियाकलाप सञ्चालन गर्न नसकिरहेको अबस्थामा बाल कक्षा देखि कक्षा दशसम्म विषयगत रुपमा सिकाइ सहजिकरण गरिएको
- शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्धारा प्रकाशित स्वअध्ययन सामाग्री कक्षा ४ र ५ लाइ अभिभाबकको सहयोगमा बालबालिकाहरु लाइ घरमा नै गरिने शिकाइ क्रियाकलपहरु नगरपालिकाले आफ्नो स्रोतमा छपाइ गरि बालबालिकाहरुलाइ वितरण गर्नुका साथै FM Radio मार्फत सिकाइ सहजिकरण गरिएको
- सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुको लागि निशुल्क सेनेटरिप्याड वितरण

- नाङशाल एशोसिएसन को सहयोगमा १५ विद्यालयहरुमा EGRP कार्यक्रम लागु गरिएको
- विद्यालयमा शौक्षिक गुणस्तर सुदृढीकरण अन्तर्गत पुस्तकालय स्थापन २ विद्यालयहरुमा, ३ बिद्यालयहरुमा ICT र २ विद्यालयमा विज्ञान प्रयोगशाला गरी ८ विद्यालयहरुमा ६५०००० का दरले रकम निकासा गरी कार्य सम्पन्न भइ शौक्षिक गुणस्तर अभिबृद्धिमा सहयोग पुगेको
- २ वटा विद्यालयहरुमा खानेपानीको सुबिधा सहित शौचालय निर्माण हुनुका साथै क्रमागत ४ कोठे भवन निर्माण कार्य सम्पन्न हुने क्रममा रहेको
- राष्ट्रपती कप खेलकुद प्रतियोगिता सम्पन्न
- युवा परिषद् गठन गरी युवा लक्षित सिप विकास कार्यक्रम संचालन गरिएको
- विद्यार्थी सिकाईलाई निरन्तरता दिन रेडियो कक्षा संचालन गरिएको

खेलकुद प्रबर्द्धन कार्यक्रम





राष्ट्रपति रनिङ्ग शिल्ड









साक्षर नगर घोषणा


नमोबुद्ध नगरको आव्हान : पूर्ण साक्षर नगर र निरन्तर शिक्षा हाम्रो अभियान
नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, कालेपलाञ्चोक
प्रतिवद्धता पत्र
नमोबुद्ध नगरपालिकाद्वारा आर्थिक वर्ष २०७५।७६ मा सञ्चालन गरिएको घरधुरी
सर्वेक्षण अनुसार नगरपालिकाको कुल जनसंख्या ३८६९८ मध्ये ५५ देखि ६० वर्ष
उमेर समूहको साक्षरता प्रतिशत ९६.३ पुगेकोले नगर शिक्षा समितिको सिफारिस
तथा नगर कार्यपालिकाको मिति २०७६ पौष २८ गतेको निर्णय अनुसार आगामी
दिनहरूमा यस नगरलाई निरन्तर शिक्षातर्फ उन्मुख गरी पूर्ण साक्षर नगर बनाउने
प्रतिवद्धताका साथ यस नमोबुद्ध नगरपालिका, कालेपलाञ्चोकलाई साक्षर
नगरपालिका घोषणा गर्दछौं।
ईति सम्वत् २०७६ साल माघ १२ गते रोज १ शुभम्।








नमोबुद्ध साक्षर नगरपालिका
घोषणा कार्यक्रम

अभिभावकत्व ग्रहण





विविध शैक्षिक कार्यक्रम







नगर युवा परिषद् गठन





सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता

- सामाजिक सुरक्षा भत्ता पूर्ण रुपमा अनलाइल गरी बैकं मार्फत वितरण गर्ने व्यवस्था मिलाइएको
- व्यक्तिगत घट्ना दर्ता ११ वटै वडामा पूर्ण रुपमा अनलाइल गरीएको
- सामाजिक सुरक्षा भत्ता पाउने पूर्ण अशत्त लाभग्राहिहरुलाई मोवाइल बैकिङ्ग मार्फत भत्ता वितरण गरिएका
- ३८ लाखको बाल अक्षयकोष स्थापना गरिएको
- जेष्ठ नागरिक कार्ड (परीचय पत्र) वितरण भएको

- १७१९ जना जेष्ठ नागरीकहरुलाई रु ६ करोड १९ लाख भत्ता दिइएको
- ९७४ एक महिलाहरुलाई बार्षिक रु २ करोड ३४ लाख भत्ता वितरण गरिएको
- पुर्ण अपाङ्ग भएका करिब ७० जनालाई रु २४ लाख ९९ हजार भत्ता दिइएको थियो भने "ख" वर्गका ८७ जना अपाङ्गहरुलाई रु १६ लाख जति रकम वितरण गरिएको
- जेष्ठ दलित एवं दलित बालबालिकाहरु क्रमशः ११९,२४४ जनाहरुलाई रु २८ लाख २८ हजार र रु ११ लाख ६३ हजार भत्ता उपलब्ध गराइएको
- कुल भत्ता पाउनेको संख्या ३२१३ रहेको थियो भने सो वातको कूल बजेट खर्च रु ९ करोड ३५ लाख ७७ हजार ८ सय रहेको

- २०७६।०८।०१ मा एम.आइ.एस अपरेटर र फिल्ड सहायक नियुक्ति
- ११ वटै वडाहरुमा व्यक्तिगत घटना विवरण किताबको प्रमाणिकरण फारम निर्माण तथा सङ्कलन गरी राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागमा रिपोर्ट पठाइएको
- मिति २०७६।१२।४ देखि २०७६।१२।६ सम्म विभागले दिएको समाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण सम्बन्धी तालिममा यस नगरपालिकाको कर्मचारीलाई सहभागी गराइएको

आ.ब. २०७६/७७ को सामाजिक सुरक्षा भत्ता वितरण अवस्था



व्यक्तिगत घटना दर्ता

वडा नं	जन्म		मृत्यु		सम्बन्ध विच्छेद		विवाह		बसाइ सराइ		जम्मा	
	पाना सं	घटना सं	पाना सं	घटना सं	पाना सं	घटना सं	पाना सं	घटना सं	पाना सं	घटना सं	पाना सं	घटना सं
१	५३८	२४८०	२४४	२७०	४	४	३९२	७३४	२४५	१०८	१४२३	३५९६
२	१९	९९	२	२५	०	०	९	४६	११	१२	४१	१८२
३	१४	६८	३	३५	०	०	८	३६	१	४	२६	१४३
४	२२४	३५७१	४५	५३४	३	६	१६१	१२४८	४९	२२५	४८२	५५८४
५	३५१	३१९३	३५	२१९	१	२	१३०	७४७	१३	५७	५३०	४२१८
६	१४	६४	२	१२	०	०	११	४३	0	0	२७	११९
७	४९६	४७४९	४२	४५६	२	४	३०१	१४७९	६३	१८२	९०४	६८७०
८	१२८	१०७१	२०	१६२	०	०	१७	८०	१२	२७	१७७	१३४०
९	२०४	२७१३	५५	५३०	१	१	१४१	९५९	४४	१०९	४४५	४३१२
१०	१५९	१७७९	३५	२८६	०	०	१२	३५	१	२	२०७	२१०२
११	१५६	१९४९	२९	३६८	०	०	६४	६४७	१३	४२	२६२	३००६
जम्मा	**२३०३**	**२१७३६**	**५१२**	**२८९७**	**११**	**१७**	**१२४६**	**६०५४**	**४५२**	**७६८**	**४५२४**	**३१४७२**

आ.ब.२०७६।७७ को व्यक्तिगत घटना दर्ता



द्वन्द्व प्रभावित परिवारलाई सहायता रकमको विवरण

सि.नं.	द्वन्द्व पिडितको नाम	आर्थिक सहायता लिनेको नाम	वडा नं.	आर्थिक सहायताको किसिम	प्राप्त रकम
१	कृष्ण नाथ चिमौरिया	शिव नाथ चिमौरिया/सविना चिमौरिया	०४	औषधि उपचार	रु. ३०,०००
२	विदुर प्रसाद सिलवाल	रोहोणी प्रसाद सिलवाल	०४	औषधि उपचार	रु. ३०,०००
३	पूर्णमान तामाङ	प्रम तामाङ	११	औषधि उपचार	रु. ३०,०००
४	प्रेम कुमारी लामा	प्रेम बहादुर तामाङ	११	औषधि उपचार	रु. ३०,०००
५	सनत श्रेष्ठ	दिलिप श्रेष्ठ	०९	औषधि उपचार	रु. ३०,०००
६	मिन कुमारी लामा	हरि बहादुर तामाङ	०९	औषधि उपचार	रु. ३०,०००
७	छिरिङ्ग तामाङ	माइली तामाङ	०९	औषधि उपचार	रु. ३०,०००
८	अर्जुन बहादुर लामा	पूर्णिमाया लामा	०९	औषधि उपचार	रु. ३०,०००
९	कान्छा तामाङ	जित बहादुर तामाङ	०५	औषधि उपचार	रु. ३०,०००

द्वन्द्व प्रभावित परिवारलाई सहायता रकमको विवरण







व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धित तालीम





महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरीक तथा लक्षित वर्ग

- नगरपालिकाले महिला सशक्तिकरण एवं मूलप्रभाविकण गर्ने दिर्घकालिन एवं बार्षिक नीतिहरु जारी गरेको छ, सो पुरा गर्नको लागि विभिन्न कार्यक्रमहरु प्रत्येक वडा र वस्तीबाट तय गरेर कार्यक्रम सञ्चालन गरी महिलाहरुलाई हरेक क्षेत्रमा सक्षम बनाउने नगरको लक्ष्य रहेको
- २६ जनालाई सिलाई कटाई तालिम सञ्चालन गरिएको
- महिला प्रशिक्षण केन्द्रसंग समन्वय गरी महिला जनप्रतिनिधिहरुलाई ३ दिने क्षमता विकास तालिम, व्यवसायिक अचार बनाउने तालिम १ पटक आदी तालिमहरु दिइएको
- महिला सशक्तिकरण एवं मूल प्रवाहीकरणका लागि सामुहिक खेति कार्यक्रम, महिला संस्थाको चौमासिक अन्तरक्रिया, महिला हिंसा विरुद्ध १६ दिवसिय अभियान सञ्चालन, समाजिक सुरक्षा दिवस, महिला साक्षरता कक्षा सञ्चालन गरिएको
- नगर प्रमुखको अग्रसरतामा २०७६/१२/१० देखि लकडाउन भएको समयमा दिर्घ रोगी जेष्ठ नागरीकहरुलाई घरघरमा औषधी विरतण कार्य भएको

- लैङ्गिक हिंसा निवारण कोष स्थापना भएको
- लैङ्गिक हिंसा पिडितहरुका लागि अल्पकालिन आश्रय सेवा केन्द्र सञ्चालन सहयोग गरीरहेको
- नियमित रुपमा बाल विवाह विरुद्धको अभियान अन्तर्गत विभिन्न सुचना मूलक तथा सन्देशमूलक सामग्री तयरी गरी सुचना प्रकाशन/प्रशारण गरिएको
- बालमैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रम अन्तर्गत सरसफाई सामग्री खरिद तथा सुचनामूलक सामाग्री निर्माण एवं सम्प्रेषण गरिएको
- अपाङ्गहरुको जीवनयापन सहज बनाउने उद्देश्यकालागि नेपाल अपाङ्ग महिला संघ काभ्रे तथा राष्ट्रिय अपाङ्ग पुनःस्थापना समाज नेपालको सहयोग र सहकार्यमा गुणस्तरीय व्हीलचेयर वितरण गरिएको
- नियमित रुपमा अपाङ्गता परिचय पत्र सिफारिस समन्वय समितिको बैठक बसी अपाङ्गता परिचय पत्र वितरण एवं शिविर सञ्चालन गरिएको
- अति अशक्त र अशक्त १७५ व्यक्तिहरुलाई न्यानो कम्मल वितरण भएको
- सबै वडामा वडास्तरीय अपाङ्गता समन्वय समिति गठन गरी परिचालन गरिएको

आ.ब.२०७६/७७ मा अपाङ्ग परिचयपत्र वितरण संख्या



अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामाग्रीहरु वितरण





अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य सिविर







जेष्ठ नागरिक सम्मान कार्यक्रम





बालबालिकासँग सम्बन्धित कार्यक्रम





बालबालिकासँग मेयर







लैंगिक हिंसा विरुद्धको अभियान



प्रधानमन्त्री रोजगार कार्यक्रम

- नमोबुद्ध नगरपालिका अन्तर्गत रहेको रोजगार सेवा केन्द्रमा आ.ब २०७६/७७ मा ४०३ जना व्यक्ति सूचीकृत भएको, जसमध्ये २१२ जना महिला तथा १९१ जना पुरुष रहेका
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस नगरपालिकामा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न आयोजनाका क्षेत्र र प्रकार समेत तोकी सूत्रद्धारा १६ लाख ९३ हजार बजेट सशर्त अनुदानका रुपमा हस्तान्तरण भएको र उक्त विनियोजित बजेटबाट वडा नं. १,३,७ र १० मा १/१ वटा गरी जम्मा ४ वटा विभिन्न सामूदायिक आयोजनामा जम्मा ३९ सूचीकृत भएका वेरोजगार व्यक्तिहरुलाइ कुल १३१४ दिनको रोजगारी उपलव्ध गराईएको, औषत प्रतिव्यक्ति रोजगार दिन हेर्दा एक जना व्यक्तिले औषतमा ३३.६९ दिनको रोजगारी पाएका

- ४ वटा विभिन्न सामूदायिक आयोजनामा जम्मा १६ लाख ४८ हजार १ सय ९४ खर्च भई ४४ हजार ८ सय ५ रुपैया केन्द्रिय संचित कोषमा फिर्ता भएको

सि.नं.	आयोजनाको नाम	प्रदान गरिएको रोजगार व्यक्तिको संख्या	कुल रोजगारी दिन	औषत रोजगारी दिन
१	काल्लेको बाँध निर्माण	१०	३३९	३३.९
२	चरुवा मैदान देखी सेतिदेवि सडक निर्माण	१०	३४०	३४
३	हर्कपुर सिढीं निर्माण	१०	३३८	३३.८
४	वडा केन्द्रका उत्तर भागका खानेपानी योजना	९	२९७	३३
	जम्मा	३९	१३१४	३३.६९


रोजगार संख्या
७
५
९
१६
३४
७०
१८
१७
१९
२०
२८
१८
१०
२४
२२
१८
२५
११
१६
१३
१
२
३
४
५
६
७
८
९
१०
११
वडा नं
महिला
पुरुष

चरुवा मैदान देखि सेतिदेवी सडक निर्माण योजना




योजना सुरु हुनु भन्दा पहिलेको अवस्था




योजना सुवारु अवस्था




योजना सम्पन्न पश्चात्

कान्लेको बाँध निर्माण योजना







योजना सुवारु अवस्था




योजना सम्पन्न पश्चात्



हर्कपुर सिँढी निर्माण योजना




योजना सुरु हुनु भन्दा पहिलाको अवस्था




योजना सुचारू अवस्था





योजना सम्पन्न पश्चात्

वडा केन्द्र उत्तर भेगका खानेपानी योजना




योजना सुरु हुनु भन्दा पहिलेको अवस्था





योजना सुचारू अवस्था




योजना सम्पन्न पश्चात्

गरीब घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम

- नगरपालिकामा आ.ब २०७५। ७६ मा १ जना सुपरिवेक्षक तथा ६ जना गणक नियूक्ति गर्ने र उनिहरुलाई तालिम दिने कार्य गरिएकोमा आ.ब २०७६।७७ मा सम्पूर्ण वडाहरुमा घरधुरी सर्वेक्षण सम्पन्न गरिएको
- प्रत्येक वडामा गणकहरुले सङ्कलन गरेका घरपरिवार संख्याको तथ्याङ्क

वडा नं.	जम्मा घर क्रमसंख्या	जम्मा परिवार क्रमसंख्या
१	३८८	३८८
२	७७५	७८५
३	६२९	६२९
४	५४५	५४८
५	७९०	७९०
६	२९७	३०२
७	६९१	७०२
८	५९९	६१२
९	५७५	५८२
१०	४३४	४४२
११	५९७	५९९

गरिब घर परिवार पहिचान कार्यक्रम





संस्कृति प्रवर्द्धन तथा संरक्षण







पूर्वाधार विकास

(सडक, पुल तथा झोलुंगे पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक उर्जा, संचार)

भौतिक तथा पूर्वाधार विकास

- नगरका ४ वटा रणनैतिक सडकहरुको कालो पत्रे गर्ने काम सुचारु
- नगरपालिकाको मुख्य प्रशासकीय भवनको निर्माण सम्पन्न गर्ने कार्य ठेक्काबाट व्यवस्था गरिएको
- सबै वडा कार्यालयको प्रशासकीय भवन निर्माण गर्ने योजना अनुरुप यस बर्ष वडा नं ३, ६ र ११ को निर्माण ठेक्का बन्दोबस्त भइ निर्माण सम्पन्न हुने चरणमा रहेकोछ। साथै आगामी आ.ब.मा थप ५ वडा कार्यालय भवन निर्माण गर्ने लक्ष्य लिइएको छ।
- प्रत्येक वडामा बालमैत्री पार्क, स्मृती पार्क, पिकनिक स्पट, चौतारो, पोखरी, खेलमैदान, पुस्तकालय, संग्रहालय, योगकेन्द्र आदि स्थापना गर्दै लगिएको
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको आवासीय तालिम केन्द्र निर्माण कार्य प्रारम्भ गर्न आवश्यक वातावरण तयार गरिएको, उक्त कार्यको लागि प्रदेश सरकारबाट पहुँच मार्ग निर्माणको लागि बजेट प्राप्त भएको

सडक

- जिल्ला स्तरीय तथा नगरस्तरीय यातायात गुरुयोजनामा परेका सडकहरु तथा वडा कार्यालयबाट नगरपालिकासम्म जोड्ने सडकलाई बाह्रै महिना सवारी साधन चल्न सक्ने बनाउने नीति अनुसार मर्मत एवं व्यवस्थापनका कार्य सम्पन्न गरिएको
- नेपाल सरकार सहरी विकास तथा भवन निर्माण विभागबाट सञ्चालित सहरी विकासका योजना अन्तगत ४ वटा सडक (भकुण्डे तल्लो हटिया पिपलटार सडक, भकुण्डे आर्मी व्यारेक ऐसेलु चौर दाप्चा सडक, नौविसे काक्रे सडक र श्रीराम वस्ति बुच्चाकोट सडक) मा कालोपत्रेको काम सम्पन्न

पूर्वाधार तर्फको उल्लेखनीय योजनाहरुको विवरण

- वडा नम्बर ०३, ०६, ११ को वडा कार्यालय निर्माणको लागि बोलपत्र आह्वान भई निर्माणाधीन अवस्थामा रहेको
- वडा नम्बर ०२, ०७, ०८, ०९, १० वडा कार्यालय निर्माणको लागि बोलपत्र आह्वानको अन्तिम तयारीमा रहेको
- वि.पि. हाईवे हिरको पसल मथुरापाटी सडक, लासकोट फुलिम डाँडा सडक वडा नं.५, भकुण्डे तल्लो हटिया पिपलटार सडक, वि.पि. हाइवे जनकल्याण सडक वडा नं. २ निर्माण
- नमोबुद्ध नगरपालिकाको सिमाना स्थित वडा नम्बर ०१ मा पर्यटन पूर्वाधार कार्यक्रमबाट कलात्मक शैलीमा प्रवेशद्वार निर्माण गरिएको
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान निर्माणका लागि DPR तयार भई IEE गर्ने कार्यको सुरुवात गरिएको
- नमोबुद्ध नगरपालिका भित्रको भकुण्डे-आरुबारी चौर-दाप्चा सडक र भकुण्डे-दलसिंगे सडकको कालोपत्र कार्यको सुरुवात गरिएको
- बाँसखर्क लकाईने पिपलचौर खानेपानी, माथिल्लो गहते खानेपानी लगायत विभिन्न खानेपानीका योजना संचालन गरिएको

वडागत पुर्वाधार विकासको अवस्था

वडा नम्बर ०१					
योजना संख्या	प्रगति (संख्या/पटक)	लक्ष्य	प्रगति	बार्षिक प्रगति प्रतिशत	खर्च (रु. हजारमा)
४०	९ वटा सडक निर्माण मर्मत तथा ८ वटा खानेपानी सुधार ४ वटा मन्दिर मर्मत १ खेलमैदान १ वटा घाटेपाटि १ वटा तालिम	४०	३४	८५%	६६४८

वडा नम्बर ०२

योजना संख्या	प्रगति	लक्ष्य	प्रगति	बार्षिक प्रगति प्रतिशत	खर्च (रु. हजारमा)
५	२ वटा बृहत खानेपानी योजना १ वटा फोहोर ब्यबस्थापन १ वटा सार्बजनिक मर्मत १ वटा शिक्षण अनुदान	५	५	१००%	१५८००

वडा नम्बर ०३

योजना संख्या	प्रगति	लक्ष्य	प्रगति	बार्षिक प्रगति प्रतिशत	खर्च (रु. हजारमा)
